३६/१४

सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ

माननीय न्यायाधीश श्री देवेन्द्रगोपाल श्रेष्ठ

# फैसला

०६९-WO-०२६८

विषयः- उत्प्रेषणयुक्त परमादेश ।

चितवन जिल्ला रत्ननगर नगरपालिकाका वार्ड नं. ८ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बुद्धनगर बस्ने अधिवक्ता बाबुराम अर्याल......................................................................................१

चितवन जिल्ला विरेन्द्रनगर गाविस वडानं. २ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १९, लाजिम्पाट रानीबारी बस्ने अधिवक्ता टंकराज अर्याल......................................................................................१

मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वडा नं. १ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकी बस्ने अधिवक्ता सन्तोष बाबु सिग्देल......................................................................................१

सिन्धुपाल्चोक जिल्ला शिखरपुर गाविस वडा नं. ४ घर भई हाल भ.पु. जि. मध्यपुर नगरपालिका वडा नं. १५ कौशलटार बस्ने पत्रकार तारानाथ दाहाल................१

निवेदक

बिरुद्ध

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाडौं.............१

नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं...............................................१

नेपाल सरकार, सूचना तथा संचार मन्त्रालय, सिंहदरबार, काठमाडौं..................१

नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं..............................१

नेपाल दूरसंचार प्राधिकरण, थापाथली, काठमाडौं........................................१

नेपाल दूरसंचार कम्पनी लिमिटेड, भद्रकाली, काठमाडौं..................................१

एनसेल प्रा.लि. नयाँ बानेश्वर, काठमाडौं.............................................................१ बिपक्षी
युनाइटेड टेलिकम लिमिटेड, पुतलीसडक, काठमाडौं.........................................१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

हामी निवेदकहरु अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, गोपनीयताको हक र मानव अधिकार रक्षाका लागि विगत एक दशकभन्दा बढी समयदेखि क्रियाशील कानुन व्यवसायी तथा पत्रकार हौं र हाल विभिन्न संघ संस्थाहरुसँग आवद्ध भई वा व्यक्तिगत रुपमा नागरिकको अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, गोपनीयताको हक लगायतका मानवअधिकारको संरक्षण प्रवर्द्धनमा निरन्तर काम गरिरहेका छौं।

सम्मानित सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधीश श्री रणबहादुर बमको मिति २०६९।२।१८ मा भएको हत्याको अनुसन्धानको सिलसिलामा प्रहरीले संकलन गरेको सूचना तथा तथ्याङ्कको दुरुपयोग सम्बन्धमा २०६९ साल भाद्र महिना ११ गते कान्तिपुर दैनिकको पृष्ठ १ मा प्रकाशित "एसएमएस अरुले हेर्लान नि" शिर्षकको समाचारमा "न्यायाधीश रणबहादुर बम हत्याको अनुसन्धान गर्न बनाईएको टोलीले ५ लाखवटा फोनको कल डिटेल र ३० हजार जनाको एसएमएस डिटेल लिएको थियो।" उक्त समाचारमा उल्लेख भएअनुसार यस्ता सूचनाको चरम दुरुपयोग भएको छ। "प्रहरीले बम हत्याको कुनै सुराक पत्ता लगाउन नसकेपछि यसरी ठूलो संख्यामा कल र एसएमएस डिटेल रिर्पोट (सीडीआर) लिएको थियो। तर पनि प्रहरीले बम हत्याको त छेउटुप्पो थाहा पाउन सकेको छैन। तर एसएसएम डिटेलमा आदानप्रदान भएका सन्देश केही प्रहरीका लागि मनोरञ्जन गर्ने साधन भएको छ। बेलुकीपख वरिष्ठ अधिकृतहरु कार्यालयबाट बाहिरिएपछि प्रहरी कनिष्ट अधिकृतहरु महानगरीय प्रहरी आयुक्तको कार्यालयमा बनाइएको अनुसन्धान कक्षमा जम्मा भएर एसएमएस पढ्छन्।" समाचारमा लेखिएको छ, "सम्बद्ध स्रोतका अनुसार प्रेम र यौन सम्बन्धसँग जोडिएका एसएमएस सन्देश खुबै पढिने गरेको छ। यसबाहेक व्यापारिक डिल पनि रोचक हुने गरेको छ।" समाचारले आफ्नो स्रोतलाई उल्लेख गर्दै यस्ता सूचनाहरुको सम्भावित खतरालाई यसरी चर्चा गरेको छ, "अहिलेसम्म त केही प्रहरीमा सीमित छ, एकजना प्रहरी अधिकृत भन्छन् भोलि यस्ता सन्देश सञ्चारमाध्यम मार्फत छताछुल्ल हुन बेर छैन एसएमएस सन्देश ब्ल्याकमेलको हतियार हुने सम्भावना पनि उत्तिकै छ। सन्देश सार्वजनिक हुँदा धेरैको वैवाहिक सम्बन्ध खतरामा पर्छ। प्रहरीबाट लिईएको सूचनाको प्रकृतिका बारेमा समाचारमा अगाडि उल्लेख छ, "टेलिफोन (मोवाइल वा ल्यान्डलाइन) मा सम्र्पक भएका सबै

कलको नम्बर, कुराकानी भएको समय र अवधि कल डिटेलमा हुन्छ। एसएसएम डिटेलमा चाहिँ सन्देशमा उल्लेख गरिएको कुरा (टेक्स्ट) नै हुन्छ" भनी प्रकाशित गरिएको छ।

उक्त समाचारमार्फत सार्वजनिक भएका यथार्थ अवस्थाहरु विपक्षी नं. १ देखि ८ सम्मका विपक्षीहरुको नीतिगत अस्पष्टता, आवश्यक कानून तथा नियम र अनुगमनको अभावका कारण हुन गएको हो। नीति निर्माणकर्ता, नियमनकर्ता, कानुन कार्यान्वयनकर्ता तथा पालनकर्ताको हैसियतले नागरिकको अधिकार रक्षाको लागि कार्य गर्नुपर्ने दायित्व भएका विपक्षीहरुले अपराध अनुसन्धानको प्रयोजनको लागि भनी अनाधिकृत रुपमा लिईएको कल डिटेल तथा एसएमएस रिपोर्टको उल्टै दुरुपयोगले निवेदकहरु लगायत सम्पूर्ण व्यक्तिको नेपालको अन्तरिम संविधानको धारा २८ ले प्रत्याभूत गरेको गोपनीयताको हक कुण्डित भएकोले र सोको प्रचलनका लागि अन्य कुनै वैकल्पिक संवैधानिक तथा कानूनी उपचारको उपाय नभएकोले बाध्य भई संविधानद्वारा नै प्रदत्त मौलिक हक नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ अनुसार संवैधानिक उपचारका लागि धारा २८ द्वारा प्रत्याभूत गरिएको मौलिक हक प्रचलनका लागि धारा १०७(२) को अधिनमा रही प्रस्तुत रिट निवेदन गर्न आएका छौं।

विपक्षी मध्ये प्रहरी प्रधान कार्यालय मातहतका अधिकारीहरुले आफुले मगाएको, प्राप्त गरेको फोन कल तथा एसएमएस डिटेल तत्काल नष्ट गर्न, कल डिटेललाई नियमित तथा व्यवस्थित गर्न हालसम्म कुनै छुट्टै ऐन नियम नभएका कारण नागरिकको गोपनीयताको हक लगायत संविधान प्रदत्त मौलिक हकको हनन भइरहेकोले सो सम्बन्धी स्पष्ट कानुन नियमको व्यवस्था गर्न विपक्षीहरुको नाममा परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश पुर्जी जारी गरी पाउँ साथै यस रिटको अन्तिम टुँगो नलागुन्जेलसम्म सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम कुनै पनि व्यक्तिको फोन तथा एसएमएस डिटेल नलिन नदिन विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन।

यसमा के कसो भएको हो, निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो, जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु गर्नु भनी विपक्षीहरुको नाउँमा सूचना पठाई लिखित जवाफ पेश भए वा सोको अवधि व्यतीत भएपछि नियमानुसार गरी पेश गर्नु।

साथै प्रस्तुत रिट निवेदनमा माग भएको अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा तत्काल अन्तरिम आदेश जारी गर्नुपर्ने आधार र अवस्था निवेदकले देखाउन नसकेकोले अन्तरिम आदेश जारी गर्नु परेन भन्ने समेत बेहोराको मिति २०६९।५।२४ को यस अदालतको एक न्यायाधीशको इजलासबाट भएको आदेश।

नेपाल सरकार सबै नागरिकको संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान गर्दै ती हक, अधिकारहरुको प्रचलनको सुनिश्चितताका लागि प्रतिबद्ध रहेको छ। जहाँसम्म विपक्षी निवेदकले दावी लिनु भएको गोपनीयताको हक सम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८ मा कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरुको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ। संविधानतः गोपनीयताको हक व्यक्तिको मौलिक हक भएकोले निजको सहमती बिना निजका व्यक्तिगत कुराहरु प्रकाशमा ल्याउन र हस्तक्षेप गर्न मिल्ने हुँदैन। संविधानको धारा २८ ले पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी कुरा अनतिक्रम्य हुने व्यवस्था गरेको पाइन्छ। परन्तु कुनैपनि अधिकार आफैंमा निरपेक्ष र असिमित हुन सक्दैन। यसै कुरालाई मध्यनजर गरी आज विश्वका सबै संविधानहरुमा वैयक्तिक स्वतन्त्रता र अधिकारमा सीमा (Limitation) को व्यवस्था गरिएको पाइन्छ। यस कुरालाई हाम्रो संविधानले पनि मान्यता दिएको पाइन्छ। फलतः गोपनीयताको हक लगायत सबै हकहरु कानून बनाई सिमित गर्न सकिने व्यवस्था संविधानमा गरिएको छ। संविधानको धारा २८ मा प्रयुक्त "कानूनद्वारा तोकिएको अवस्थामा बमोजिम बाहेक" भन्ने शब्दावलीका अनुसार कानूनद्वारा धारा २८ प्रदत्त हकमा अतिक्रमण गर्न सकिने कुरामा विवाद हुन सक्दैन। नेपालको अन्तरिम संविधान, २०६३ जारी भए पश्चात धारा २८ प्रदत्त गोपनीयताको हकलाई सिमित गर्न गरी व्यवस्थापिका संसदबाट छुट्टै कानूनको निर्माण हुन नसकेको भएपनि गोपनीयताको हकलाई सिमित गर्ने नेपाल कानूनको अभाव रहेको भन्ने विपक्षी निवेदकको दावी सत्य होइन। मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७२ नं. बमोजिम कुनै घर वा ठाउँको तलासी लिन सकिने व्यवस्था, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १० बमोजिम खानतलासी, दफा ११ बमोजिम लासजाँच र दफा १२ बमोजिम रगत, वीर्य इत्यादी जाँच गर्ने सम्बन्धी व्यवस्था, लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ८, ८क र १०क को व्यवस्था एंव विपक्षी निवेदकले निवेदनमा उल्लेख गर्नुभएको दु. संचार ऐन, २०५३ को दफा १९ लगायतले धारा २८ द्वारा प्रदत्त गोपनीयताको हकलाई सिमित गरेको पाइन्छ। दुर संचार ऐन, २०५३ को दफा १९ को उपदफा १ को देहाय ख ले कुनै खास किसिमको विषय, व्यक्ति वा समुदायसँग सम्बन्धित खबर टेप गर्न, त्यस्तो खबर पठाउने व्यक्ति पहिल्याउन वा त्यस्तो खबरको प्रसारण रोक्न आदेश दिन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको छ। अपराधको अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त अधिकारी वा निकायले अपराधसँग सम्बन्धित कुनै प्रमाण कुनै व्यक्ति वा स्थानमा रहेको छ भन्ने शंका लागेमा दशी वा प्रमाण संकलनका लागि आवश्यक कारवाही गर्न सक्छ। त्यसैले

सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधीश रणबहादुर बमको हत्याको सम्बन्धमा अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाउन नेपाल सरकारले गठन गरेको अनुसन्धान टोलीले अनुसन्धानको सिलसिलामा विभिन्न व्यक्तिको कल डिटेलर एस्एम.एस डिटेल लिएको कुरालाई कानून विपरित भन्न मिल्दैन। तर अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त अधिकारीले कल वा एस.एम.एस. डिटेल हेर्न नै नपाउने भन्नु र प्राप्त सूचनालाई अनधिकृत प्रयोग गर्नु दुई विपरित कुराहरु हुन्। त्यसरी अपराधको अनुसन्धानको सिलसिलामा प्राप्त सूचना वा तथ्यलाई दुरुपयोग गर्न नहुने वा अनधिकृत रुपले प्रयोग गर्ने कार्यलाई कानून सम्मत मान्न सकिँदैन। यस हदसम्म रिट निवेदकको भनाईसँग असहमत हुनुपर्ने अवस्था छैन। अतः उपरोक्त आधार र कारण समेतबाट विपक्षीको रिट निवेदन खारेजयोग्य हुँदा खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको लिखित जवाफ।

लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १० (क) मा सम्बन्धित अनुसन्धानमा संलग्न कर्मचारीले अनुसन्धानको सिलसिलामा विद्युतीय प्रविधिको टेप गर्न प्रतिलिपि लिन सक्ने भन्ने र स.मु.स. ऐन २०४९ को दफा ४(२) मा कुनै प्रहरी कर्मचारीले कुनै अपराधलाई रोक्न अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिन वा अपराधीलाई पक्राउ गर्न कनै व्यक्ति वा निकायसँग मद्दत माग्न सक्ने कानूनी व्यवस्था रहेको छ। प्रहरी ऐन २०१२ मा भएको व्यवस्था अनुसार प्रहरी कर्मचारीले अपराध अनुसन्धानको लागि आफ्नो कर्तव्य पालनको सिलसिलामा कल डिटेल सम्बन्धित निकायबाट माग भएको हो । आफ्नो कर्तव्य पालनको सिलसिलामा गरेको कार्यबाट कसैको गोपनीयताको हकमा आघात पुगेको भनी अर्थ गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरीपाउँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालयको तर्फबाट परेको लिखित जवाफ।

रिट निवेदनमा उल्लेख भएबमोजिम तत्कालिन माननीय न्यायाधीश रणबहादुर बमको मिति २०६९/२/१८ मा भएको हत्याको अनुसन्धानको क्रममा कुनै पनि व्यक्तिको एस.एम.एस. डिटेल र कल डिटेल लिन यस मन्त्रालयबाट प्रहरी निकायलाई आदेश निर्देश दिइएको छैन। यस मन्त्रालयबाट रिट निवेदनमा उल्लेख भए बमोजिम रिट निवेदकहरुलाई प्राप्त हकमा आघात पार्ने कार्य नगरिएको हुँदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरीपाउँ भन्ने समेत व्यहोराको नेपाल सरकार गृह मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

नेपालमा हालसम्म अन्य मुलुकमा जस्तो स्पष्ट निकायको अभाव रहेको अवस्थामा दुरसंचार क्षेत्रको नियमन निकाय दुरसंचार प्राधिकरणको सेवा प्रदायकलाई स्पष्ट आधार र कारण भएको अवस्थामा त्यस्तो कल डिटेल दिई अनुसन्धान कार्यमा सहयोग गर्ने व्यवस्था गरिँदै आएको छ। यसको लागि दूरसंचार प्राधिकरण, नेपाल सरकार, गृह मन्त्रालय, सूचना

तथा संचार मन्त्रालय लगायत सुरक्षा निकायहरुको पटक पटक भएका अध्ययन, छलफल, प्रतिवेदनको आधारमा निश्चित प्रकृया र मापदण्डका आधारमा त्यस्तो कल डिटेल र एसएमएस लिने कार्यलाई सर्वथा गैरकानूनी भन्न मिल्ने अवस्था छैन। रिट निवेदकले विपक्षी बनाईएको निवेदनमा नेपाल दूरसंचार प्राधिकरणको कुन काम कारवाही समेतबाट त्यस्तो गोपनीयताको हनन भयो भन्ने सम्बन्धमा समेत कुनै तथ्यपरक कुरा उल्लेख गर्न सकेको छैन। यसरी विपक्षी बनाउनु नै नपर्ने पक्षलाई विपक्षी बनाई गरेको रिट निवेदन खारेजभागी छ। खारेज गरी पाउँ भन्ने नेपाल दूरसंचार प्राधिकरणको लिखित जवाफ।

हामी कम्पनी हाम्रा सेवाग्राहीहरुको गोपनीयताको संरक्षणका लागि प्रतिबद्ध छौं। प्रचलित कानून तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्ताबेजहरुबाट सुरक्षित गरिएको व्यक्तिको गोपनीयताको हकको सम्मान गर्न हामी सदैव तत्पर रहेको बेहोरा निवेदन गर्दछौं। हामी कम्पनीले हाम्रा सेवाग्राहीको गोपनीयताको सदैव सम्मान गर्दै आएका पनि छौं। हामी कम्पनीले दुरसंचार ऐन, २०५३ अन्तर्गत नेपाल दुरसंचार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी नेपालमा दुरसंचार सेवा उपलब्ध गराउँदै आएका छौं। नेपाल दुरसंचार प्राधिकरण नेपालमा टेलिफोन सेवा उपलब्ध गराउन अनुमतिपत्र प्राप्त हामी कम्पनीको नियमनकारी निकाय हो। दुरसंचार ऐन. २०५३ को दफा १५ मा नेपाल दुरसंचार प्राधिकरणको दिएको आदेश तथा निर्देशन हामी कम्पनीले बाध्यात्मक रुपले पालना गर्नुपर्ने व्यवस्था गरिएको छ। नेपाल दूरसंचार प्राधिकरणले हामि कम्पनीलाई समय समयमा आपराधिक क्रियाकलापको अनुसन्धानका लागि नेपाल प्रहरीबाट Focal Point officer को रुपमा तोकिएका विभिन्न प्रहरी अधिकृतहरुलाई माग भएको विवरण उपलब्ध गराएको सम्म हो। नियमनकारी निकायले दिएको आदेश तथा निर्देशन पालना गर्ने कर्तव्य भएको हामी कम्पनीले कानुन बमोजिमको कर्तव्य पुरा गरेको हुँदा हामीबाट कुनै कानुनको उल्लंघन भएको छैन। अतः नियमनकारी निकायले निर्देश गरेबमोजिम आपराधिक क्रियाकलापको अनुसन्धानको लागि सम्बन्धित निकायबाट माग भएको विवरण उपलब्ध गराउने हामी कम्पनीको कार्यबाट विपक्षीहरुले निवेदनमा उल्लेख गरेजस्तो गोपनीयताको हकको उल्लंघन भएको छैन। कुनैपनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याँक, पत्राचार, चरित्र सम्बन्धी कुराहरुको गोपनीयता सम्बन्धी कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुने भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८ मा गरिएको व्यवस्थालाई हेर्दा गोपनीयताको हक निरपेक्ष नभएको स्पष्ट हुन्छ। यसबाट कानुनमा व्यवस्था भएअनुसार गोपनीयताको हक संकुचित हुनसक्ने देखिन्छ। दुरसंचार ऐन, २०५३ को दफा १९ मा नेपाल दुरसंचार प्रणालीमा नियन्त्रण गर्ने, खबर टेप गर्ने, प्रसारण रोक्ने समेतका अधिकारहरु नेपाल सरकारलाई दिइएको छ। उक्त दफा १९ मा संकटकालिन अवस्था परी वा राष्ट्रिय सुरक्षाको कारणले

खबर आदानप्रदानमा रोक लगाउनु पर्ने भएमा वा त्यस्तो खबर आदानप्रदान गर्ने प्रणालीमा नियन्त्रण गर्नुपरने भएमा नेपाल सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिका दुरसंचार प्रणाली कब्जामा लिनुका साथै कुनै खास व्यक्ति, समुदायसँग सम्बन्धित खबर टेप गर्न, त्यस्तो खबर पठाउने व्यक्ति पहिल्याउन वा त्यस्तो खबरको प्रसारण रोक्न आदेश दिनसक्ने व्यवस्था गरिएको छ। साथै हामी कम्पनीलाई नेपाल दुरसंचार प्राधिकरणबाट जारी भएको अनुमतिपत्रमा कुनै अपराधको रोकथाम गर्न वा अनुसन्धान तहकिकातको लागि वा अपराधीलाई कानुनी कारवाही गर्ने प्रयोजन समेतको लागि ग्राहकहरुको खबरहरु तेश्रो पक्षलाई प्रकट गर्न सकिने व्यवस्था गरिएको छ। अतः प्रचलित कानुनबमोजिम अनुसन्धान गर्न अख्तियारप्राप्त नेपाल सरकारको सम्बन्धित निकायबाट माग भएबमोजिमको जानकारी उपलब्ध गराउने कार्य दुरसंचार ऐन, २०५३ को दफा १९ र हामी कम्पनीलाई प्रदान गरिएको अनुमतिपत्र अनुरुप भएकोले विपक्षीको रिट निवेदन खारेज गरी पाउँ।

विपक्षीहरुको निवेदनमा नै गोपनीयता तथा तथ्याँक संरक्षण सम्बन्धी कुनै कानुनी व्यवस्था नभएको तथा कल र एसएमएस डिटेल सम्बन्धी स्पष्ट नियम कानुनको व्यवस्था नभएको भनी स्वीकार गरिएको छ। उल्लेखित बेहोराबाट समेत हामी कम्पनीले कुनै कानुन विपरित वा गैरकानूनी कार्य गैरकानूनी कार्य नगरेको स्पष्ट हुन्छ। गोपनीयताको हक निरपेक्ष हुन सक्दैन। अपराध रहित समाजको निर्माण गर्ने र अपराधिकलाई दण्डित गर्ने कार्य गोपनीयताको हक भन्दा कम महत्त्वको कार्य होइन। गोपनीयताको हकलाई देखाई अपराधको अनुसन्धान तथा तहकिकातमा बाधा व्यवधान हुनु पनि हुँदैन। गोपनीयताको हक तथा अपराधको तहकिकात गर्ने कार्यलाई सँगसँगै र सन्तुलित तवरले व्यवस्था गर्नु उपयुक्त हुन्छ। अतः यस सम्बन्धमा दुरसंचार ऐन, २०५३ को दफा १९ मा भएको व्यवस्थालाई स्पष्ट गर्ने गरी कानुन निर्माण भएमा सबैलाई सुविधा हुने कुरा समेत निवेदन गर्दछौं। हामी कम्पनीको त्यस्तो हैसियत नभएको हुँदा विपक्षीको रिट निवेदन हाम्रो हकमा खारेज गरी पाउँ भन्ने एनसेल प्रा.ली. को लिखित जवाफ।

अनुसन्धानका क्रममा त्यस्तो निकायले के कस्तो प्रकृया अपनाउने भन्ने विषय नितान्त कार्यकारिणी विषय भएको र त्यसमा यस कम्पनीको भूमिका नरहने कुरा स्पष्ट नै छ। जहाँसम्म सेवा ग्राहीको सेवासँग सम्बन्धित विषय कल डिटेल रिपोर्ट उपलब्ध गराइएको भनी गर्नु भएको आरोप निवेदन निराधार छ। यस कम्पनीले आफ्नो प्रबन्ध पत्र, नियमावली तथा प्रचलित कानून बमोजिम कार्य गर्ने हो। नियामक निकायले दिइएको निर्देशन पालना गर्ने हो। नियामक निकायबाट राज्यका कुनै अंग निकायलाई विवरण उपलब्ध गराउन भनिएको अवस्थामा वा अदालतबाट कुनै आदेश भएको अवस्थामा वा राज्यबाट अनुरोध भएको अवस्थामा संस्थागत रुपमा उपलब्ध गराउन मिल्ने विवरण भए उपलब्ध गराउने गरिएको छ

तर त्यस्तो विवरण निवेदकले निवेदनमा उल्लेख गरे जस्तो हुँदैन। सफ्टवेयरमा रहने डाटा निश्चित अवधिसम्म मात्र रहने र त्यसपछि स्वतः मेटिने निरन्तर चलिरहने सिष्टमका कुराहरु हुन्छन्। व्यक्तिका लाखौं लाख मोवाईल मेसेज सधैं भरी खडा रहने विषय नै होइनन् त्यस्ता विवरण कुनैपनि दुरसंचार सेवा प्रदायकले सधै भरी राख्ने वा राख्न सक्ने व्यवस्था गर्ने हुँदैन। त्यस्तै सधै भरी नरहने एस.एम.एस. मेसेज अनुसन्धानलाई उपलब्ध गराउन सकिने अवस्था नै रहेन। सिष्टमले दिएसम्म त्यस्तो निकायलाई कम्पनीले सहयोग गर्न सक्दछ।

यसरी अपराध अनुसन्धानका विषयमा सरकारको कार्यकारणी निकाय अन्तरगतबाट भएका वा हुने काम कारवाही सम्बन्धमा केवल प्रकाशित समाचारलाई आधार बनाई मुद्दा दिनु अदालतको समय समेतलाई वेवास्ता गर्नु हो। निवेदकहरुले आफूले कोही कसैसँग गरेको मेसेजको गोप्यता हनन भयो भनी भन्न सकेको अवस्था नभएको र यस कम्पनीलाई विपक्षी बनाउँदाको कस्को, के कस्तो, को को सँग भएको मोवाइल मेसेज सार्वजनिक गरी गोपनीयताको हक हनन भयो भनी सम्बन्धित व्यक्तिले मात्र निवेदन गर्नुपर्ने व्यवस्था विपरित प्रस्तुत निवेदन विपक्षीहरुले अनुमानको भरमा गर्नु भएको र यस कम्पनीबाट विपक्षीहरुको कुनै पनि मौलिक हकको हन्न भएको छैन। विशुद्ध सेवा प्रदायक कम्पनीलाई कार्यकारिणी अन्तरगतका निकायबाट हुने गरेको काम कारवाहीसँग संलग्न गराई मुद्दा दायर गर्नुपर्ने पनि होइन। त्यस्तै विना आधार पत्रकार तथा कानून व्यवसाय जस्तो सम्मानित तथा मर्यादित पेशामा संलग्न व्यक्तित्वहरुमा यस्ता विषयका निवेदन आउनुपर्ने होइन। निवेदकहरुबाट उठाईएका विषयमा यस कम्पनीबाट कुनै पनि गोपनीयताको हकको उल्लंघन नभएको नगरिएको हुँदा प्रस्तुत निवेदन खारेज गरी मुद्दाबाट कम्पनीलाई अलग फूर्सद दिलाई पाउँ भन्ने दुरसंचार कम्पनीको लिखित जवाफ।

यस मन्त्रालयबाट निवेदकहरु वा कसैको पनि संविधान प्रदत्त गोपनीयताको अधिकारमा हनन पुग्ने गरी कुनै काम कारवाही भएको छैन। यस मन्त्रालयबाट मातहत वा सम्वद्ध कुनै निकायलाई कसैको कुनै टेलिफोन सम्वाद वा एसएमएस लगायतका दुरसंचार सन्देश कसैलाई उपलब्ध गराउन वा गोपनीयता भंग हुने गरी कसैलाई दिन कुनै किसिमले लेखि पठाएको वा स्वीकृति दिएको छैन। कुनै अपराधको अनुसन्धान गर्ने निकायले प्रचलित कानूनले तोकेको प्रक्रिया पुरा गरी कुनै पनि व्यक्तिको बारेमा कुनै सूचना वा जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै छ। त्यसैले यस विषयमा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने नै होइन। विपक्षी नै बनाउनु नपर्ने निकायलाई विपक्षी बनाई दायर भएको रिट निवेदन दावी हचुवा भई बदरभागी छ, बदर गरी पाउन सादर अनुरोध गर्दछु भन्ने सूचना तथा संचार मन्त्रालयको लिखित जवाफ।

नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनसमेतका सम्पूर्ण कागजातहरुको अध्ययन गरियो। इजलासबाट पटक पटक आह्वान गर्दा पनि रिट निवेदकका तर्फबाट कोही पनि उपस्थित हुन आएको देखिएन। प्रस्तुत विवाद सार्वजनिक महत्वको बिषय भएकोले विपक्षी प्रधान मन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट विद्वान उप-न्यायाधिवक्ता श्री बालकृष्ण वाग्ले तथा नेपाल दुरसञ्चार प्राधिकरणका तर्फबाट उपस्थित विद्वान अधिवक्ता करुणाकर मल्लिक, एनसेल प्रा.लि. का तर्फबाट विद्वान अधिवक्ता श्री अनुपराज उप्रेती तथा नेपाल टेलिकमको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मुरारी सापकोटाले निवेदकले उठाएको हक अधिकार निरपेक्ष र असिमित हक होइन। यसलाई नियन्त्रणमा राख्न सकिने हुन्छ। गोपनीयताको हक लगायत सबै हकलाई कानून बनाई सिमित गर्न सकिन्छ। यदि यसलाई अनतिक्रम्य हक मान्ने हो भन्ने समाजमा अपराधिक कृयाकलाप बढ्न सक्ने अवस्था सृजना हुन्छ। अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त अधिकारीले कल डिटेल र एसएमएस हेर्न नपाउने भन्नु र प्राप्त सूचनालाई प्रमाणमा लिन नपाउने भन्न मिल्दैन। नेपालको अन्तरिम संविधान २०६३ को धारा २८ ले कानूनद्वारा तोकिएको अवस्थामा बमोजिम बाहेक भन्ने शब्दावली अनुसार पनि प्रदत्त हकमा अतिक्रमण गर्न सकिने कुरामा विवाद देखिँदैन। तसर्थ निवेदन दावी सस्तो लोकप्रियताका लागि दायर गरिएको हुँदा रिट खारेज होस भनी बहस जीकिर प्रस्तुत गर्नुभयो।

उपर्युक्त विद्वान उप-न्यायाधिवक्ता तथा विद्वान अधिवक्ताहरुको बहस जीकिर समेत सुनी निर्णयतर्फ विचार गर्दा निवेदक दावी अनुसारको रिट जारी हुन सक्ने हो होइन? भन्ने सम्बन्धमा ठहर निर्णय दिनुपर्ने देखिन आयो।

तत्सम्बन्धमा हेर्दा, गोपनीयताको हक व्यक्तिको नितान्त गोप्य र नैसर्गिक अधिकार हो। व्यक्तिको नीजी काम कारवाही र गतिविधिहरुमा अनावश्यक रुपमा सरकार तथा तेस्रो पत्रबाट हस्तक्षेप नहुने प्रत्याभूति आधुनिक युगको गोपनीयताको हकको मुख्य उद्देश्य र विषय हो । गोपनीयता कुनै पनि व्यक्तिको एक्लै रहन पाउने अधिकार हो। अर्थात Right to be let alone भन्ने सँग सम्बन्धित छ। कुनैपनि व्यक्तिको जीवनमा सरकार तथा अन्य पक्षबाट हुने हस्तक्षेपलाई यसले पूर्णतः नकार्दछ। अर्थात A man without privacy is a man with out dignity पनि भनिन्छ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २८ ले कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक पत्राचार, चरित्र सम्बन्धी कुराहरुको गोपनीयता, कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भनी व्यक्तिको गोपनीयताको हकको प्रत्याभूति गरेको छ। फोन, कल डिटेल एसएमएस डिटेल पनि संविधानको उपरोक्त प्रावधान अन्तर्गत संरक्षित देखिन्छ। संविधानको व्यवस्था बमोजिम व्यक्ति बीच आदान प्रदान हुने फोन कल

एसएमएस लगायत कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरु राज्यले कानून बमोजिम बाहेक जानकारीमा लिन, प्रयोग गर्न तथा प्रचार प्रसार गर्न पाउँदैन। अर्को शब्दमा उपरोक्त विवरणहरुमा राज्यले अतिक्रममा गर्नलाई कानूनको स्पष्ट प्रावधान आवश्यक पर्दछ। सो बेगर कसैले पनि निजी गोपनीयनामा हस्तक्षेप हुने गरी उपरोक्त प्रकृतिका विवरणहरुमा हस्तक्षेप गरेमा सो कार्य गैरकानूनी हुनु र जो सुकैले त्यस्तो कार्य गरेको भए पनि कसूरजन्य र गैरकानूनी हुन्छ। त्यस्तो कार्य गर्नेलाई दण्डित गर्ने पर्ने हुँदा त्यसको लागि पनि कानून निर्माण गरी उपरोक्त धारा २८ को कार्यान्वयनलाई अर्थ पूर्ण बनाउन पर्ने हुन्छ। साथै राज्य आफैले दुरुपयोग नगरेता पनि कुनै पदाधिकारी वा व्यक्तिबाट व्यक्तिको गोपनीयतासँग सम्बन्धित जीउ आवास सम्पत्ति लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सूचनाहरु दुरुपयोग हुन बाट रोक्नु पर्ने दायित्व वहन गर्नुपर्ने विषय भएकोले त्यसलाई नजर अन्दाज गर्न मिल्दैन। त्यसमा पनि कानूनको संरक्षणको रुपमा कार्य गर्न विपक्षी नेपाल प्रहरी र सो मातहतका प्रहरी अधिकारीहरुको यसमा झन महत्वपूर्ण जिम्मेवारी रहेको हुन्छ। त्यसैले आफ्नो कर्तव्यको जिम्मेवारी बहन गर्दा आफुले पाएको सूचनालाई मनोरन्जनको साधन बनाउँदा कानूनको उपहास बन्न जान्छ भन्नेतर्फ सचेत हुन जरुरी छ।

नेपालमा दुरसंचार सेवा व्यवस्थित गर्नका लागी दुरसंचार ऐन, २०५३ र दुरसंचार नियमावली २०५४ जारी भई प्रचलनमा रहेका छन्। दुरसंचार ऐन २०५३ को दफा २(घ) अनुसार दुरसंचार सेवा भन्नाले कुनै आवाज चिन्ह, संकेत, लेखोट, आकृति, गोप्य संकेत वा खबर उत्सर्जन प्रसारण वा प्राप्तीको लागि कुनै तरिकाले पुनर्व्यवस्था, गणना वा अन्य परिवर्तन गरेको वा नगरेको त्यस्तो आवाज, चिन्ह, संकेत, लेखोट, आकृति वा गोप्य संकेत वा खबर, तार रेडियो, प्रकाश वा अन्य विद्युत चुम्बकीय प्रणालीद्वारा आदान प्रदान गर्ने कार्य सम्बन्धि सेवा सम्झनुपर्छ। अर्थात टेलिफोन, मोवाइल फोन, एसएमएस, इन्टरनेट तथा इमेल सबै दुरसंचार सेवा हुन । दुरसंचार ऐन विपरित कोही कसैले दुरसंचार सम्बन्धी कार्य गर्ने अधिकार राख्दैन। तर खास अवस्थामा दुरसंचार सेवाको माध्यमबाट खबर आदान पदान रोक लगाउनु पर्ने भएमा वा त्यस्तो खबर आदान प्रदान गर्ने प्रणालीमा नियन्त्रण गर्नुपर्ने आवश्यकता भएमा नेपाल सरकारले ऐनले व्यवस्था गरेबमोजिम मात्र आवश्यक कारवाही गर्न सक्छ र दुरसंचार सेवा व्यवस्थापन गर्ने सन्दर्भमा यस ऐनको दफा १९ ले नेपाल सरकारसँग देहायबमोजिम विशेषाधिकार रहने व्यवस्था गरेको देखिन्छ।

१. संकटकालिन अवस्था परी वा राष्ट्रिय सुरक्षाको कारणले खबर आदान प्रदान रोक लगाउनु पर्ने भएमा वा त्यस्तो खबर आदान प्रदान गर्ने प्रणालीमा नियन्त्रण गर्नुपर्ने आवश्यकता देखिएमा नेपाल सरकारले देहायको काम गर्न सक्नेछ।

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले जडान गरेको, संचालन गरेको वा रेखदेख गरिरहेको दुरसंचार लाइन र दुरसंचार प्रणाली अस्थायी तवरमा आफ्नो कब्जामा लिने,

(ख) कुनै खास किसिमको विषय, व्यक्ति वा समुदायसँग सम्बन्धित खबर टेप गर्न, त्यस्तो खबर पठाउने व्यक्ति पहिल्याउन वा त्यस्तो खबरको प्रशारण रोक्न आदेश दिने।

उपरोक्त व्यवस्था बाहेक फोन एस.एम.एस. राज्यले नियन्त्रणमा राख्ने सम्बन्धमा अन्य कानूनी व्यवस्था भएको पनि देखिँदैन। जुन कानूनी व्यवस्था अनुसार विपक्षीहरु लगायत अन्य कुनै निकाय वा व्यक्तिलाई जुनसुकै प्रयोजनका लागि फोन वा एसएमएस डिटेल लिन पाउने र त्यस्तो दुरुपयोग गर्ने अधिकार कानूनले प्रदान गरेको पाइदैंन। तसर्थ विपक्षी निकायहरुले व्यक्तिको निजी फोन वा एस.एम.एस.को डिटेल लिने र दिने र सो को अन्यथा प्रयोग कार्य आफैमा गैरकानूनी रहेको छ। यसबाट व्यक्तिको गोपनीयताको हक जुनसुकै बेला खतरामा पर्न जाने देखिन्छ।

संकटकालिन अवस्था परी वा राष्ट्रिय सुरक्षाको कारणले खबर आदान प्रदानमा रोक लगाउनुपर्ने भएमा वा त्यस्तो खबर आदानप्रदान गर्ने निकायमा वा प्रणालीमा नियन्त्रण गर्नुपर्ने भएमा मात्र त्यस्तो निश्चित प्रकृयाको अधीनमा रही अधिकार प्रयोग गर्न सकिन्छ, कल डिटेल रिपोर्ट र एस.एम.एस लिने र हेर्न मिल्ने गर्न सकिंदैन अपराध अनुसन्धानको नाममा संकित व्यक्तिको गतिविधि हेर्ने नाममा सबैको गतिविधि र गोपनीयता उदाङ्गो बनाउनु पनि हुँदैन। त्यसकारण अनाधिकृत रुपमा लिइएको उक्त कलफोन तथा एस.एम.एस. डिटेल सदैव सुरक्षा निकायले राखिरहनु अनुपयुक्त र गैरकानूनी देखिन आउँछ।

नेपालमा दुरसंचार कम्पनी लिमिटेड नेपाल सरकारको बहुमत स्वामित्व भएको लिमिटेड कम्पनी हो। विगत लामो समयदेखि यसले दुरसंचार सेवा प्रदान गरी रहेको छ। विगत लामो समयदेखि यसले दुरसंचार सेवा प्रदान गरी रहेको छ। सेवा प्रदान गर्ने क्रममा संविधान तथा कानूनको पालना गर्नु तथा प्रयोगकर्ताको जानकारी तथा उनीहरुसँग सम्बन्धित तथ्याङ्कहरुको अनधिकृत प्रकाशन र प्रसारण नगर्नु र निजहरुको सूचनाको संरक्षण गर्नु उसको प्रमुख दायित्व पनि हो। स्थापित अन्तर्राष्ट्रिय मान्यता अनुरुप दुरसंचार सेवा प्रदायक कम्पनीहरुले कुनै पनि व्यक्तिलाई दुरसंचार सेवा उपलब्ध गराउँदा सो व्यक्तिको गोपनीयताको संरक्षण तथा त्यस व्यक्तिसँग सम्बन्धित तथ्याङ्कको संरक्षणको प्रत्याभूति गर्नुपर्ने हुन्छ। कुनै निश्चित कानूनी आदेश वा अग्रिम अधिकारी सहितको औपचारिक लिखतको अभावमा अरुको दवाव प्रभाव वा प्रलोभनको भरमा अर्काको सूचना दिन मिल्दैन। कानूनका आधिकारप्राप्त विभाग वा अदालत लगायतका संस्थाले मागेको अवस्थामा दिन अर्कै कुरा हो। विपक्षीको

मोवाइल सेवा लिनको लागि भर्ने फाराममा पनि ती कम्पनीबाट सेवा लिँदा हामीले आफुले फोन प्रयोग गर्दा सृजना भएका कुनै पनि सूचना जानकारी तथ्याङ्क अन्य कोही व्यक्तिलाई कसैलाई दिन सहमति दिएका छैनौं भन्ने उल्लेख भएको पाइदा त्यसको सम्मान गर्ने र प्रयोग र पालना गर्नेतर्फ विपक्षीहरुले ध्यान दिनुपर्ने देखिन्छ।

नेपाल संयुक्त राष्ट्रसंघको पक्ष राष्ट्र भएको हैसियतले संयुक्त राष्ट्र संघबाट पारित विभिन्न घोषणा तथा अनुबन्धको पालना गर्नुपर्ने हुन्छ। नेपालको अनुमोदन गरेका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले गोपनीयताको हकलाई प्राथमिक अधिकारको रुपमा उल्लेख गरेका छन। मानवअधिकारको सम्बन्धी आधारभूत दस्तावेज हो। यस घोषणापत्रको धारा १२ ले व्यक्तिको गोपनीयताको हकलाई प्रत्याभूत गरेको छ। जसमा कसैको पनि गोप्यता, परिवार, घर वा पत्राचारमा जथाभावी हस्तक्षेप गरिने छैन र उसको सम्मान र ख्यातीमा पनि आक्रमण गरिनेछैन। हरेक मानिसलाई यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनको संरक्षण पाउने अधिकार छ भनिएको छ। त्यसैगरी यसलाई अझ बढी स्पष्ट पार्न नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १७ ले कुनै पनि व्यक्तिलाई निजको गोपनीयता, परिवार, निजी आवास वा पत्राचारमा स्वेच्छाचारी एवं गैरकानूनी हस्तक्षेप गरिने छैन तथा निजको प्रतिष्ठा र ख्यातीमा गैरकानूनी आक्रमण गरिने छैन। यस्ता हस्तक्षेप वा आक्रमणका विरुद्ध प्रत्येक व्यक्तिलाई कानूनी संरक्षणको अधिकार हुनेछ भनी व्यक्तिको गोपनीयताको हकलाई प्रत्याभूत गर्दै यसलाई सामान्य टिप्पणी समेतले पुष्टी गरेको छ।

वास्तवमा अपराध अनुसन्धान कार्यपालिकाको बिशेषाधिकारको र विशेष दायित्वको प्रश्न हो। सो सिलसिलामा कानूनका अधिनमा रही आवस्यक श्रोत वा क्षेत्रमा पहुँचलाई ईन्कार गर्न मिल्दैन। अपराध अनुसन्धान छुट्टै विधा भएकाले राज्यले त्यसलाई हरहालतमा चुस्त दुरुस्त राख्नुपर्दछ। तर त्यसको लागि वैज्ञानिक तवरले भौतिक सबुद प्रमाण संकलनमा जोड दिनु सट्टा व्यक्तिको स्वेच्छाविरुद्धको साविती हासिल गर्ने वा व्यक्तिको निजी गोप्य सूचनामा हस्तक्षेप गर्नेमा केन्द्रित हुने हो भने अनुसन्धान क्षमतामै जोड दिने कुरा गौंण हुन पुग्दछ। कार्यपालिका स्वयं पनि कानून अधिन मात्रै कार्य गर्न सक्ने हुनाले सूचनामा अनियन्त्रित पहुँच कार्यपालिकाको विशेषाधिकार हुन सक्तैन। सूचनाहरु संग्रहित रहेको र त्यसको जिम्मा लिएका संस्था वा विभागले त्यसलाई आफ्नो तजवीजको विषय बनाउन सक्तैन। बरु त्यस्तो सूचना रहेको data bank लाई हरहालतमा संरक्षण गर्नु र कानूनको व्यवस्थाको अभावमा अपवादात्मक रुपमा पनि स्पष्ट कानूनी आधार वेगर अनधिकृत पहुँच दिन इन्कार गर्न सक्नु पर्दछ। अरुको भय वा प्रभावले आफ्ना जिम्माको सूचनाको संरक्षण नगर्नु गर्न नसक्नु, चुहावट गर्नु र अनधिकृत रुपमा पहुँच दिने जस्ता कार्य कर्तव्यच्युतको अवस्थामा हुन्छ र

एक हदसम्मको अपराधिक कार्य हुन्छ। यसबाट अपराधिहरुबाट संरक्षण भन्दा अपराधिहरुकै पनि संरक्षण हुन जान सक्ने संभावना रहन्छ र स्वयं राज्य पनि असुरक्षित हुन सक्छ। त्यसैले यस प्रश्नमा विशेष रुपले विचार गर्नु पर्ने देखिन्छ।

सूचना सेवा प्रदायक संस्थाहरुसँग संग्रहित Data bank मा व्यक्ति, संस्था र स्वयं सरकारी निकायहरुको सूचना रहने हुनाले त्यस्तो सूचनाको संरक्षण व्यक्तिको हक हितको सुरक्षाको प्रश्न नभै राज्यकै हित र सुरक्षाको हकमा समेत लागु हुने कुरा हो। राज्यको अंग निकाय वा त्यहाँ कार्य गर्ने पदाधिकारी एवं कर्मचारीहरु सम्बन्धी सूचनालाई राज्यकै अन्य अंग वा निकायले समेत सम्मान र संरक्षण गर्नुपर्ने हुन्छ। त्यसको उल्लंघन गर्ने गलत वा अपराधिक चेष्टा गर्नु हुँदैन। Data Bank मा रहेको सूचनामा पहुँच हासिल गर्ने नाममा वा सूचना प्रवाहकै सिलसिलामा Call Details अभिलेख गर्ने वा टेलिफोन वार्ता नै अभिलेख गर्ने प्रविधि वा संयन्त्र जडान गर्न, ल्याउन, राख्न वा उपयोग गर्ने समेत कुराको नियमित गर्ने कानूनी व्यवस्था अन्तर्गत पूर्व अनुमति भएमा बाहेक त्यस्तो गर्न नमिल्ने व्यवस्था गर्नुपर्ने हुन्छ। त्यसको जिम्मेवारी दुरसंचार प्राधिकरण वा कानूनले निर्धारण गरेको निकायले लिनुपर्ने हुन्छ। त्यस्तो निकायले समेत आफ्नो कर्तव्य पालना नगरेमा तिनका उपर उजुरी गर्न उजुरी सुन्ने निकायको समेत व्यवस्था गर्नुपर्ने हुन्छ। सूचनामा अनधिकृत पहुँच दिने दिलाउने कार्य भएको विषयमा उजूरी परी छानवीन भएमा आवश्यकतानुसार विशेष प्राविधिक टोली खडा गरी जाँचबुझ गराई आवश्यक निष्कर्ष सहित उजुरीकर्तालाई जानकारी दिनपर्ने समेत व्यवस्था गर्नुपर्ने हुन्छ।

अहिले सूचना प्रविधिको विकसित रुप र व्यापक प्रयोगले गर्दा यो क्षेत्र अत्यन्त संवेदनशील बनेको छ र अपराध अनुसन्धान र न्यायको आवस्यकता तथा व्यक्तिगत हक एवं गोपनीयताको सुरक्षाको सन्तुलित आधारमा तिनको प्रयोगको बान्छनीयता छुट्याउन सकिन्छ। सूचना प्रवाहमा हस्तक्षेप गरी गैरकानूनी रुपले पहुँच दिन नमिल्ने र त्यसको लागि अनधिकृत रुपमा प्रविधि वा संयन्त्र समेत राख्न वा राख्न दिन नमिल्ने हुनाले त्यसको अतिरिक्त सूचना प्रविधिको क्षेत्रमा Telephone call details मा संग्रहित भएको सूचनामा असिमित र अनियन्त्रित अवस्थामा राज्यका संयन्त्रलाई समेत छाड्न नमिल्ने हुनाले Data Bank मा रहेका सूचनाहरुको संरक्षण, तिनको पहुँचको हद, सो सूचना माग गर्ने प्रकृया, सूचना प्राप्त गर्नेको जवाफदेहिता तथा सूचना दुरुपयोगको अवस्थामा पर्न गएको क्षतिको लागि गर्न सकिने कारवाही र क्षतिपूर्ति तथा गैरकानूनी रुपले सूचना माग गरेमा, दिएमा वा प्राप्त गरेमा हुन सक्ने सजाय र मुद्दा चलाउने धारा २८ को कार्यान्वयनको दृष्टिले अनिवार्य देखिन आएको र त्यस्तो स्पष्ट व्यवस्थाको अभावमा व्यक्तिको गोपनीय सूचनाहरुमा कसैको पनि अनाधिकार वा गैरकानूनी पहुँच प्राप्त हुन नसक्ने कुरालाई ध्यानमा राखी त्यसको सर्वसामान्यता विपरितको कार्य नगर्न

नगराउन र त्यसको रोकथामको लागि जो चाहिने व्यवस्था गर्नु भनी परमादेश जारी भएको बेहोरा विपक्षीहरुलाई जानकारी दिनू र उपरोक्त उल्लेख भएको विषयमा आवश्यक कानून बनाउन ध्यानाकर्षण गरी विपक्षीहरुका नाममा निर्देशन जारी हुने ठहर्छ। गैरकानूनी तरिकाले सूचना प्रवाहित गर्नेलाई सेवा सम्बन्धी कानून बमोजिम कारवाही एवं सजाय गर्नू गराउनु र गैरकानूनी हस्तक्षेप वा पहुँच माग्ने वा सो गर्न बाध्य गर्ने जो सुकै पदाधिकारीहरु विरुद्ध प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नू गराउनू र गैरकानूनी तवरले सूचना प्रवाह नगर्नु नगराउनु, रोक्नु भन्ने समेत बेहोराको आदेशको बेहोरा विपक्षीहरुमा लेखी पठाउनू। कानून बमोजिम कुनै अपराध अनुसन्धानको सिलसिलामा जरुरी भै सूचनामा पहुँचको लागि अनुमति दिने प्रयोजनको लागि कानूनमा अन्यथा व्यवस्था नभए सम्म सम्बन्धित जिल्ला अदालतबाट अनुमति लिने व्यवस्था मिलाउनु। आदेशको जनाउ महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरी लगत कट्टा गरी आदेश अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

प्रधान न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इति सम्वत २०७२ साल माघ महिना २१ गते रोज ५ शुभम् ..........................

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्यूटर सेटिङः विकेश गुरागाई